# सामाजिक सुरक्षा कोष र बौधीमाई नगर कार्यपालिका बीच कोषबाट सञ्चालित योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालनका लागि गरिएको समझदारी पत्र (Memorandum of Understanding)

जिल्ला काठमाडौं, बबरमहलस्थित सामाजिक सुरक्षा कोष (यस पछि "प्रथम पक्ष" भनिएको) बाट सञ्चालित योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आवद्धता सम्बन्धमा प्रथम पक्ष र बौधीमाई नगर कार्यपालिका (यस पछि "दोस्रो पक्ष" भनिएको) बीच निम्न अनुसारको कार्य गर्न गराउन दुवै पक्षको मन्जुरी भएकोले आज मिति २०७९/०६/२९ मा यो समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गरिएको छ।

**क) पृष्ठभूमी**

नेपालको संविधानले प्रत्येक श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ भनि मौलिक हकको रुपमा धारा ३४ मा व्यवस्था गरेको छ। योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को प्रस्तावनामा श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्ने तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यका साथ सामाजिक सुरक्षा कोषले कार्य गर्दै आईरहेको छ।

कोषले योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरु प्रारम्भमा औपचारिक क्षेत्रका निजि संगठित क्षेत्रबाट लागू गरेकोमा बैदेशिक क्षेत्र हुदै अनौपचारिक तथा स्वरोजगार क्षेत्रमा प्रवेश गरिसकेको र कोषमा आवद्धता संख्या उल्लेखनीय रहेको छ। ऐनको दफा १० मा औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना, मातृत्व सुरक्षा योजना, दुर्घटना सुरक्षा योजना, अशक्तता सुरक्षा योजना, वृद्ध अवस्था सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना, बेरोजगार सहायता योजनाका अतिरिक्त कोषले तोकेका अन्य सामाजिक सुरक्षा योजना सञ्चालन गर्नेछ भनी कोषले सञ्चालन गर्न सक्ने सामाजिक सुरक्षा योजनाहरूको दायरा किटान गरिएको छ।

संविधान अनुसार सामाजिक सुरक्षालाई मुलतः तिनै तहको कार्यक्षेत्र भित्र समेटिएको छ। ऐनको दफा ५ को उपदफा (२) मा अनौपचारिक क्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा प्रोत्साहन गर्न त्यस्तो व्यक्तिले सामाजिक सुरक्षा योजनामा गरेको योगदानको आधारमा तोकिए बमोजिमको रकम नेपाल सरकारले कोषमा जम्मा गरिदिने व्यवस्था छ भने योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम ४ को उपनियम (२) मा त्यस्ता श्रमिक तथा व्यक्तिलाई कोषका योजनामा सहभागी गराउन कोषले तोकेको रकममा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले आ—आफ्नो बजेट मार्फत तोकेबमोजिमको रकम जम्मा गरिदिन सक्ने व्यवस्था रहेको छ। योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयनमा स्थानीय तहको भुमिका महत्वपुर्ण रहेकोले कोष र स्थानीय तह विच सहकार्य अपरिहार्य छ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
२०७०
काठमाडौं, नेपाल

प्रदिप कुमार यादव
नगर प्रमुख
बौधीमाई नगरपालिका
सरमुजवा, रौतहट

# सामाजिक सुरक्षा कोष र बौधीमाई नगर कार्यपालिकाबीच कोषबाट सञ्चालित योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालनका लागि गरिएको समझदारी पत्र (Memorandum of Understanding)

**ख) पालिकाको जिम्मेवारी:**

**१. औपचारिक क्षेत्र**

१.१ श्रम ऐन, २०७४ तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ लागू हुने सबै प्रतिष्ठान वा रोजगारदाताहरु तथा सो माताहतका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध हुनका लागि पत्राचार तथा प्रचार प्रसार गरी सहजिकरण गर्ने।

१.२ पालिकाबाट कार्यसम्पादन हुने कार्यहरु दर्ता/नवीकरण/सिफारीश/सहुलियत लगायतका यस्तै कार्यहरु गर्दा श्रम ऐन, २०७४ तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ लागू हुने सबै प्रतिष्ठान वा रोजगारदाताहरु र सो मातहतका श्रमिकहरु सामाजिक सुरक्षा कोषमा आवद्ध भए/नभएको एकिन गरि आवद्ध नभए आवद्ध हुन सहजिकरण गर्ने।

१.३ पालिका मातहतका सरकारी अस्थाई तथा करार कर्मचारीहरुलाई कोषबाट सञ्चालित सामाजिक सुरक्षा योजनामा सहभागी गराउन आवश्यक प्रक्रियाको सुरुवात गर्ने।

**२. अनौपचारिक क्षेत्र**

२.१ पालिका भित्र रहेका अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा आवद्धताका लागि पालिकाले अनौपचारिक क्षेत्रमा रहेका श्रमिकको पहिचान गरि सिफारीश गर्ने।

२.२ अनौपचारिक क्षेत्रमा कार्य गर्ने श्रमिकको हकमा प्रति श्रमिक नेपाल सरकारले औद्योगिक क्षेत्रका लागि तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको ऐनको दफा ५ (२) र नियमावलीको नियम ४ (२) अनुसारको संघ, प्रदेश र स्थानीय सरकारको सहयोगदान सहित ९.३७ प्रतिशत बराबरको रकम थप गरी कोषमा जम्मा गरे पछि लागु गर्ने। तर कुनै पालिकाले उल्लेखित योगदान रकम संघ र प्रदेशबाट सहयोगदान नभएसम्म पुरै रकम जम्मा गरि आबद्ध गर्न सक्ने।

२.३ पालिका भित्र अनौपचारिक क्षेत्रका श्रमिकलाई प्रथम पक्षको अनलाइन प्रणालीमा आवद्ध गर्ने (Enroll) वा आवश्यकता अनुसार कोषको अनलाईन प्रणालीबाट हटाउने (Terminate)।

२.४ पालिका मार्फत आवद्ध अनौपचारिक क्षेत्रका श्रमिकको तर्फबाट कोषमा जम्मा गर्नु पर्ने योगदान वापतको रकम सम्बन्धित श्रमिकबाट संकलन गर्ने।

**३. स्वरोजगार क्षेत्र**

३.१ पालिका भित्र स्वरोजगारमा रहेका व्यक्तिको कोषमा आवद्धताका लागि पालिकाले स्वरोजगारमा रहेका व्यक्तिको पहिचान गरि सिफारीश गर्ने।

३.२ पालिका भित्र स्वरोजगारमा रहेका व्यक्तिलाई प्रथम पक्षको अनलाइन प्रणालीमा आवद्ध गर्ने (Enroll) वा आवश्यकता अनुसार प्रणालीबाट हटाउन (Terminate) सहजिकरण गर्ने।



प्रदिप कुमार यादव
नगर प्रमुख
बौधीमाई नगरपालिका
सरमुजवा, रौतहट

## सामाजिक सुरक्षा कोष र बौधीमाई नगर कार्यपालिका बीच कोषबाट सञ्चालित योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालनका लागि गरिएको समझदारी पत्र (Memorandum of Understanding)

**४. वैदेशिक क्षेत्र**

४.१ वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजनाहरु बारे पालिका भित्र प्रचार प्रसार गर्ने।

४.२ वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्ति कोषमा आवद्ध भईसकेपश्चात नियमित रुपमा कोषमा जम्मा गर्नुपर्ने योगदान रकम जम्मा गर्नका लागि सम्बन्धित व्यक्ति वा निजका परिवार सदस्यहरुलाई जानकारी तथा सूचना प्रवाह मार्फत सहजिकरण गर्ने।

**५. अन्य**

५.१ योगदानकर्ताहरूलाई कोषबाट सञ्चालित सामाजिक सुरक्षा योजनाहरुको दाबी पेश गर्नका लागि आवश्यक सहयोग तथा सहजिकरण गर्ने।

५.२ सामाजिक सुरक्षा योजना सञ्चालनका लागि पालिकाको मेयर पदाधिकारी वा रोजगार संयोजकलाई सम्पर्क व्यक्ति तोक्ने।

**ग) कोषको जिम्मेवारी:**

१ कोषबाट सञ्चालित सामाजिक सुरक्षा योजनाहरु र सुविधाहरूका सम्बन्धमा आवश्यक सचेतना कार्यक्रम गर्ने।

२ पालिका क्षेत्र भित्र रहेका अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरूको सूचीकरण, योगदान रकम जम्मा र अनलाइन प्रणालीबाट हटाउने लगायतका कार्य गर्नका लागि दोश्रो पक्षलाई कोषको प्रणालीको यूजर आईडी र पासवर्ड प्रदान गर्ने।

३ कोषमा आवद्ध भई नियमित योगदान गर्ने योगदानकर्तालाई सम्बन्धित क्षेत्रको कार्यविधि बमोजिमको सुविधा भुक्तानी गर्ने।

४ सामाजिक सुरक्षा योजनाहरुको परिमार्जन भए वा सम्बन्धित कार्यविधिहरु संशोधन भएमा पालिकालाई समयमै जानकारी गराउने।

५ पालिकाबाट सूचिकरण, योगदान रकम संकलन तथा दावि भुक्तानि सम्बन्धमा प्राविधिक सहयोग माग भएमा सो प्रदान गर्ने।

६ कोषबाट सञ्चालित सामाजिक सुरक्षा योजनाको लागी कोषको सूचिकरण शाखा प्रमूखलाई सम्पर्क व्यक्ति तोक्ने।

प्रदिप कुमार यादव
नगर प्रमुख
बौधीमाई नगरपालिका
सरसुवा, रौतहट

## सामाजिक सुरक्षा कोष र बौधीमाई नगर कार्यपालिका बीच कोषबाट सञ्चालित योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालनका लागि गरिएको समझदारी पत्र (Memorandum of Understanding)

**ग) समझदारी पत्रको कार्यान्वयनः**

१ यो समझदारी पत्रका विषय कार्यान्वयन गर्न दुवै पक्ष प्रतिबद्ध हुनेछन्।
२ यो समझदारी पत्रमा उल्लेख भएका विषयहरु आपसी सहमतिममा थप घट गर्न सकिने छ।
३ समझदारीमा उल्लिखित विषयबाहेकको अन्य विषय दुबै पक्षको आपसी सहमतिमा तय गरिनेछ।
४ यस समझदारी पत्रका अतिरिक्त आवश्यकता अनुसार थप सम्झौता गर्न समेत सकिनेछ।
५ यस समझदारी पत्रमा उल्लेखित विषयहरु दुवै पक्ष सँग उपलब्ध स्रोत साधन र बजेट अनुसार क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

**प्रथम पक्षको तर्फबाट अधिकार प्राप्त**

नामः श्री उत्तमराज नेपाल
पदः निर्देशक
दस्तखतः
मितिः २०८१/०६/२५

**दोस्रो पक्षको तर्फबाट अधिकार प्राप्त**

नामः प्रदिप कुमार यादव
पदः मेयर (नगर प्रमुख)
दस्तखतः
पालिकाः बौधीमाई नगर कार्यपालिका
मितिः २०८१/०६/

प्रदिप कुमार यादव
नगर प्रमुख
बौधीमाई नगरपालिका
सरमुजवा, रौतहट

**रोहबरः**

१. नामः कैलाश कुमार यादव
पदः प्रशासकिय अधिकृत
दस्तखतः

२. नामः ऋषीराम पाण्डेय
पदः प्रशासकीय अधिकृत
दस्तखतः

**रोहबरः**

१. नामः राजेश्वर प्रसाद कुशवाहा
पदः महिला बालबालिका शाखा प्रमुख
दस्तखतः

२. नामः
पदः
दस्तखतः